# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकूद शाखा)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९६६
०१-४४५०३५६


प.सं. : २०८१/८२ (शिक्षा)

च.नं. : ३००

मितिः २०८१/०९/१४

विषयः कक्षा थप वा तह थपको अनुमतिको लागि आवेदन पेश गर्ने सम्बन्धमा ।

श्री सार्वजनिक/ निजी/संस्थागत विद्यालयहरू

कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा, यस नगरपालिका अन्तर्गतका इच्छुक सार्वजनिक/निजी (संस्थागत) विद्यालयहरूले कक्षा थप वा थप/नयाँ अनुमति (पूर्व प्राथमिक अनुमति लिइसकेका विद्यालयको हकमा मात्र) थप गरी कक्षा सञ्चालन गर्न अनिवार्य रुपमा तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यही पौष मसान्तभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । कागजात पछि बुझाउने सर्तमा आवेदन फाराम दर्ता नगरिने व्यहोरासमेत जानकारी गराइन्छ । आवेदन फाराम यस नगरपालिकाको Website: https://kageshworimanoharamun.gov.np/ मा राखिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१. सम्बन्धित वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद ।
२. विद्यालय व्यवस्थापन समितिले कक्षा थप वा तह थपको लागि गरेको निर्णयको प्रतिलिपि ।
३. गुठी अन्तर्गतको विद्यालय भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।
४. कम्पनी अन्तर्गतको विद्यालय भए कम्पनीको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि ।
५. घर/जग्गा आफ्नै भए लालपूर्जा/नक्सा पासको प्रतिलिपि/बहालमा लिइएको भए कम्तीमा पाँच वर्षको लागि गरिएको कवुलियतनामा (करारनामा) पत्रको प्रतिलिपि ।
६. तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रतिलिपि ।
७. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा, शर्तसम्बन्धी विनियमावलीको प्रतिलिपि ।
८. शिक्षकको नियुक्ति पत्र, अध्यापन अनुमति पत्र र शैक्षिक प्रमणपत्र समेतको प्रतिलिपि ।
९. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको पत्र ।
१०. नजीकका २ विद्यालयको सहमति पत्र (No Objection Letter) ।
११. पान (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
१२. पछिल्लो लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
१३. पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
१४. अनुमति माग गरिएको कक्षामा लागू गरिने पाठ्यपुस्तक विवरण ।
१५. आगामी शैक्षिक सत्रको लागि प्रस्तावित शुल्क विवरण ।
१६. चालु शैक्षिक सत्रमा वितरित छात्रवृत्ति विवरण ।
१७. सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
१८. नवीकरण गरिएको व्यावसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
१९. व्यावसाय कर तिरेको रसीदको प्रतिलिपि ।
२०. तोकिएको धरौटी रकम बैंकमा राखिएको मुद्दती कार्डको प्रतिलिपि ।
२१. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा (नजिकका दुई विद्यालय देखिने गरी) ।

२०८१/९/१४
पुष्पराज ढकाल
उप-सचिव